**Sub.Code : 006B**

# NEB - GRADE XII

## अनिवार्य नेपाली

## नमुना प्रश्नपत्र (२०७७)

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।* पूर्णाङ्कः- ४०

समय : १ घण्टा ३० मिनेट

१. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् : २

झझल्को, ख्यालख्याल

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस्: २

मान्छे लाई वैगुनी भन्नुपर्ने कारणै यही हो । ऊ गुणको पारख गर्नुको शाटो बेईज्जती गर्छन्

३. तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : २

<u>ओहो</u> ! त्यसो भए त डरलाग्दो कुरा छ <u>बाबु</u> ! अब कहिल्यै <u>नबोलाउनू</u> <u>ती</u> डाक्टरलाई फेरि ।

४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : १×३=३

क) तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनुहोस् :

मरमसला र गरगहनाको खोजीमा साँझबिहान श्रम गर्ने श्रमजीवी मात्र होइन, ससाना बालबालिकालाई मरमद्दत गर्ने, झैझगडा गर्न नदिने कक्षाकोठाका छात्रछात्रा पनि यो राष्ट्रका असल नागरिक हुन् ।

ख) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तीनको सन्धि विच्छेद गर्नुहोस् :

प्राकृतिक सौन्दर्य, जैविक विविधता बोकेको नैतिक मूल्य मान्यताको धरोहर नेपालको सांस्कृतिक पहिचान परोपकार हो । समाज भँडुवा गफाडी बनेर होइन, सच्चरित्रवान्, सदाचारी, मनस्वी व्यक्तिलाई सरोवरबाट देखिने सूर्योदयको नमस्कार ।

५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ३

क) तलको अनुच्छेदका वाक्यहरूलाई वाक्य ढाँचासहित सामान्य भविष्यत् कालमा परिवर्तन गर्नु होस् :

म अमेरिका गएँ । मैले त्यहाँ विभिन्न ठाउँहरूको अवलोकन गरेँ । मैले विज्ञान र

*क्रमशः*

प्रविधिका क्षेत्रमा अमेरिकाले गरेको प्रगतिका विषयमा जानकारी लिएँ ।

ख) तलका वाक्यहरूलाई प्रथम पुरुषमा परिवर्तन गरी लेख्नुहोस् :

तँ गाउँमा जन्मेको होस् । तँलाई तेरै गाउँ प्यारो छ । तैँले स्कुल शिक्षा गाउँमै पाएको होस् ।

६. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ४

क) तल दिइएका आठ ओटा सरल वाक्यलाई चार ओटा जटिल वाक्यमा परिवर्तन गर्नुहोस् :

हावाहुरी चल्यो । पानी पऱ्यो । कृषक रमाए । खेततिर लागे । कृषकले खेत खने, उनीहरूले खेती लगाए । कृषकले मेहनत गर्छन् ।

ख) तलका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

जिल्लाबासीहरूले मिलेर पिकनिक जाने कुराको सूचना आजको पत्रिकामा छापिएको बताए । ऊ नगए पनि आफू चाहिँ वनभोज जाने कुरा रमाले रमेशसँग गरिन् । नेपालले विश्व क्रिकेटमा नाम राखोस् भनी प्रशंसकहरूले प्रार्थना गरे ।

७. तलको अनुच्छेदबाट मुख्य मुख्य चार ओटा बुँदा टिपोट गर्नुहोस्: ४

कवि स्रष्टा हो, ऊ सृष्टि गर्छ । सय पङ्क्तिमा लेख्दा पनि जुन कुरा भन्न सकिदैन, कविले त्यसलाई एकै पङ्क्तिमा अझ राम्ररी भन्न सक्तछ । प्रभातका एकै किरणमा सारा रङ्ग र रुपको कस्तो रमाइलो ढोका उघ्रन्छ । एकै धर्के प्रिया मुस्कानमा सम्पूर्ण प्रीति प्रकट हुन्छ । आमाको एउटै काखमा आर्शीवादका अनन्त फुलहरू फक्रिन्छन् । स्रष्टाको कलाको तेस्रो आँखाले अर्कै रुप र अर्कै अभिप्राय देख्दछ । एक जना अन्तरिक्ष यात्रीले भनेका थिए- यहाँबाट मैले सृष्टि सौन्दर्यको जो विचित्र रङ्ग र आभा देखेको छु, त्यसको वर्णन म गर्न सक्तिनँ; यसका निम्ति त कवि नै चाहिन्छ । सृष्टिमा जे जति छ, त्यति नै यति विचित्र छ कि त्यसको भाषा पाइँदैन, परन्तु कविका विचित्र वाणीमा त्यसको महिमा मुखरित हुन्छ । बैशाखी रातमा कुहुकुहु गर्दै कोइली मानौं विस्मय र आश्चर्यमा परी पखेटा खोलेर उड्छे र वसन्तलाई बोलाउँछे ।

८. विद्यालयमा आयोजित वार्षिकोत्सव कार्यक्रमलाई समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस् । ५

**अथवा**

'मेलम्ची खानेपानी आयोजना निर्माणमा विलम्ब' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

९. तलका कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ५

क) विद्यार्थी जीवनमा अनुशासनको महत्व

ख) खाद्यान्नमा विषादिको प्रयोगले पार्ने असर

*क्रमशः*

१०. 'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ५

"हुन त उनी गिद्धे दृष्टि राखेर हामीकहाँ पसेका हुन् । उनको धूर्त नीतिलाई सहानुभूति र सहयोग सम्झेर हामीले उनलाई देवता देखि रह्यौँ तैपनि अस्ति अस्तिसम्म उनको प्रत्यक्ष बदमासी देखिएको थिएन ।"

शिवनारान आफै पनि चुप लागेका होइनन् बोलि नै रहेका थिए । अनि पुननारानले भने "भइगो नि डाक्टरले अहिलेसम्म केही नराम्रो गरी सकेका छ छैनन् अबदेखि नबोलाई नआउनु होला भनि दिउँला कुरै भेटियो ।"

**प्रश्नः**

माथिको गद्यांश अनुसार डाक्टर गोदत्त प्रसाद कस्तो चरित्रको पात्र हो ? स्पष्ट पार्नुहोस् ।

११. तलको कथांश पढी सोधिएका प्रश्नको एक, दुई वाक्यमा उत्तर दिनुहोस् । ५

आपद् विपद् जहाँ पनि छ । हो हुरीले बिगाऱ्यो तर अब सबै ठीक बनाइ हाल्छौँ, कुनै नसकिने काम होइन त्यति गर्न । आफ्नो घर छ गोठ छ, गोठमा गाईहरू छन्, गगुन र नेभाराका रुखहरू छन्, काँक्राको लहरा आकाशतिर जाँदै छ, हुरीले कति पो बिगार्न सक्छ र ? इः अब गएर बनाइ हाल्नु पर्छ ।

**प्रश्नहरू**

अ) यो भनाइ कसको हो ?

आ) 'आपद् विपद् जहाँ पनि छ' भन्नुको तात्पर्य के हो ?

इ) यस उद्धरणमा के कस्तो आशावादी दृष्टिकोण प्रस्तुत भएको छ ?

ई) यस कथांशले कस्तो परिवेश प्रस्तुत गरेको छ ?

उ) यस कथांशको मुख्य आशय के हो ?

अथवा

'बौलाहा काजीको सपना' नाटकमा बौलाहा काजीले देखाएको व्यवहार कत्तिको स्वभाविक छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

- ० -